# राष्ट्रिय दलित आयोगको अनुगमन निर्देशिका, २०७८

<u>आयोगबाट स्वीकृत मिति २०७८/१२/२२ गते</u>

नेपालमा दलित समुदायको समग्र अवस्थाको अनुगमन गर्न अनुगमन निर्देशिका बनाई लागु गर्न आवश्यक र उपयुक्त भएकोले नेपालको संविधानको धारा २५६ (१) (ग) मा भएको अनुगमन व्यवस्थाको कार्यान्वयन गर्न राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ३० ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका बनाई जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (क) यो निर्देशिकाको नाम "राष्ट्रिय दलित आयोगको अनुगमन निर्देशिका, २०७८" रहेको छ ।

(ख) यो निर्देशिका राष्ट्रिय दलित आयोगबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:

(क) "आयोग" भन्नाले राष्ट्रिय दलित आयोगलाई सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले राष्ट्रिय दलित आयोग ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ग) "पदाधिकारी"भन्नाले आयोगको अध्यक्ष र सदस्यहरुलाई सम्झनु पर्दछ ।

(घ) "सचिव" भन्नाले आयोगको सचिवलाई सम्झनुपर्छ ।

(ङ) "दलित समुदायको मानव अधिकार" भन्नाले दलित समुदायका व्यक्तिलाई प्रचलित संविधान, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनले दलित समुदाय वा व्यक्तिलाई प्रदान गरेका नागरिक, राजनीतिक, आर्थिक, सामाजिक, र साँस्कृतिक लगाएतका सम्पूर्ण अधिकारहरुलाई सम्झनु पर्दछ ।

(च) "दुरुत्साहन" भन्नाले गैहृराज्य पक्ष वा संगठित समूहद्वारा दलित समुदायको व्यक्ति वा समूहमाथि गरिने वा गरिएको भेदभावपूर्ण व्यवहारलाई सम्झनु पर्दछ ।

(छ) "उजूरी" भन्नाले दलितको मानव अधिकार उलंघन/दुरुत्साहन सम्बन्धमा आयोगमा दर्ता भएको उजूरीलाई सम्झनु पर्दछ । सो शब्दले अन्य कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारीको आधारमा दर्ता गरिएको उजुरी समेतलाई जनाउँछ ।

(ज) "अनुगमन" भन्नाले दलित समुदायको मानव अधिकार अवस्था सम्बन्धमा नेपालको संविधान, प्रचलित कानुन, जातीय विभेद विरुद्धको अन्तर्राष्ट्रिय महासन्धी, १९६५ र अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी अन्य दस्तावेजहरुले प्रत्याभूत गरेका अधिकारहरुको प्रचलनको अवस्थावारे व्यवस्थित रुपमा सूचनाको संकलन र त्यसको व्यवस्थापन गरी संकलित सूचनाहरुको समग्र स्थितिको विश्लेषण गरी सुधारको निमित्त



राष्ट्रिय दलित आयोग
२०७५

सचिव

आवश्यक कारवाही वा सिफारिस गर्ने प्रकृया तथा सार्वजनिक रुपमा प्रकाशित वा प्रकट भएका दलित समुदायको मानव अधिकार उल्लघंनका घटनाहरुको अध्ययन तथा विश्लेषण गर्ने कार्यलाई समेत सम्झनु पर्दछ ।

(झ) "अनुगमनकर्ता" भन्नाले दलित समुदायको समग्र अवस्थाको अनुगमन गर्ने कार्य गर्न यस निर्देशिका बमोजिम आयोगले अख्तियारी दिई खटाएका व्यक्तिलाई सम्झनुपर्छ ।

(ञ) "अनुगमन टोली" भन्नाले दलित समुदायको समग्र अवस्थाको अनुगमन गर्ने कार्य गर्न यस निर्देशिका बमोजिम आयोगले अख्तियारी दिई खटाइएको टोलीलाई सम्झनुपर्छ ।

(ट) "टोली संयोजक" भन्नाले अनुगमन टोलीको प्रमुख पदाधिकारी वा कर्मचारीलाई सम्झनुपर्छ ।

(ठ) "प्रतिवेदन" भन्नाले निर्देशिका बमोजिम अनुगमन कार्य सम्पन्न गरिसकेपछि आयोगद्वारा यस निर्देशकामा उल्लेख गरिएको ढाँचा बमोजिम अनुगमन कर्ता वा अनुगमन टोलीले आयोग समक्ष वुझाउने प्रतिवेदन समेतलाई जनाउँछ ।

(ड) "विशेषज्ञ" भन्नाले दलित समुदायको समग्र विषयको अध्ययन, तालिम वा अनुभवको आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा सम्बन्धित विषयको विशेषज्ञता, ज्ञान, दक्षता र सीप भएको वा दलित अधिकारको क्षेत्रमा कुनै विशिष्टिकृत ज्ञान, सीप वा दक्षता भएको आयोगमा विषय विशेषज्ञको रुपमा सूचिकृत व्यक्तिलाई सम्झनुपर्छ ।

## परिच्छेद २
## अनुगमनका क्षेत्रहरु

३. अनुगमन गर्ने :

क) दलित समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन र मूल्यांकन गर्ने,

ख) दलित समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने,

ग) दलित समुदायको हक हितको संरक्षण, सम्वर्द्धन र सशक्तिकरणका लागि नेपाल सरकार र अन्य संघ संस्थाहरुले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरुको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने,

घ) आयोगले गरेका सिफारिसको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने गराउने,

ङ) आयोगले दलित समुदायको मानव अधिकारको अवस्था सम्बन्धी यस निर्देशिकाको अनुसूची–१ मा उल्लेख भएका विषयहरुको सम्बन्धमा समेत अनुगमन गर्नेछ ।

शिवराम बेलाल
सचिव

## परिच्छेद ३

राष्ट्रिय दलित आयोग
२०७५

## अनुगमन टोली/कार्यदलको गठन तथा परिचालन

४. **अनुगमन टोली/कार्यदलको गठन** : १) अनुगमन टोली/कार्यदलको गठन देहायबमोजिम हुनेछ ।

अ) सामान्य :

क) राष्ट्रिय दलित आयोगले परिच्छेद २ अनुसार कार्यहरुको अनुगमन गर्न पदाधिकारी सहित वा आयोगका कर्मचारीहरुलाई मात्र खटाउन सक्नेछ । अध्यक्षले पदाधिकारी र सचिवलाई तथा अन्य कर्मचारीहरुलाई आवश्यकता अनुसार सचिवले खटाउने सक्नेछ ।

ख) आयोगका पदाधिकारी खटिएको टोलीको टोली प्रमुख तोकिएको पदाधिकारी हुने र कर्मचारी मात्र खटिएको टोलीमा आयोगका सचिवले तोकेको राजपत्राङ्कित अधिकृत स्तरको कर्मचारी टोली प्रमुख हुनेछ ।

आ) विशेष :

क) आयोगसँग सम्बन्धित कुनै विशेष प्रकृतिको कार्य सम्पादन गर्ने प्रयोजनको लागि आयोगले विशेष टोली वा कार्यदल गठन गर्न सक्नेछ ।

ख) उपखण्ड (क) बमोजिमको टोली/कार्यदलको कार्यक्षेत्रको कार्यक्षेत्रगत शर्त त्यस्तो टोली वा कार्यदल गठन गर्दाका बखत आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

५. **विशेषज्ञको सेवा लिन सक्ने** : १) आयोगले कुनै काम गर्न सङ्घीय कानून बमोजिम विज्ञ जनशक्तिको सेवा लिन सक्नेछ । त्यस्ता जनशक्तिलाई अनुगमनमा खटाउदा रा.प. द्वितीय श्रेणी सरहको सुविधा पाउने गरि सचिवले खटाउन सक्नेछ ।

६. अन्य अनुगमन टोली : आयोगको पदाधिकारी वा कर्मचारी टोली प्रमुख नभएको आयोगसँग सम्बन्धित अन्य अनुगमन टोलीमा माग भए बमोजिम कम्तीमा एक जना आयोगका पदाधिकारी वा कर्मचारी प्रतिनिधि समावेश गराइनेछ ।

## परिच्छेद ४

## अनुगमन टोली/कार्यदलको काम, कर्तव्य र अधिकार

७. **अनुगमन टोलीको काम, कर्तव्य र अधिकार** : (१) अनुगमन टोलीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) टोलीले आफूलाई तोकिएको स्थान जिल्ला वा क्षेत्रमा गई पीडित व्यक्तिहरु तथा तिनका आफन्तहरु, साक्षी तथा कुनै घटनाका जानकार व्यक्तिहरु, स्थानीय प्रशासन, सुरक्षा निकायका अधिकारीहरु, नागरिक समाज, स्थानीय बुद्धिजिवी, पत्रकार, कानून व्यवसायी, मानवअधिकारकर्मी, राजनैतिक दलका प्रतिनिधि



राष्ट्रिय दलित आयोग
२०७५
शिवराम गेलाल
सचिव

लगायतसँग आवश्यकता अनुसार सामूहिक वा अलग अलग अन्तरवार्ता, औपचारिक तथा अनौपचारिक भेटघाट, अन्तर्क्रिया वा छलफल लगायत आवश्यक कुनै कार्य गरी सम्बन्धित क्षेत्र वा घटनाको सम्बन्धमा आवश्यक जानकारी हासिल गर्ने ।

(ख) संकलन गर्नुपर्ने सूचना, विवरण, तथ्यांक वा घटनालाई टिपोट, अभिलेख वा फोटोग्राफी वा अन्य कुनै उपयुक्त माध्यमद्वारा संकलन गरी दुरुस्त रुपमा राख्ने तथा अनुगमनबाट प्राप्त सूचनाको सुरक्षा गर्ने ।

(ग) घटनासँग सम्बन्धीत पीडित, प्रत्यक्षदर्शी तथा घटनाको सम्बन्धमा जानकार पक्ष एवं आरोपित पक्षसँग घटनाको जानकारी लिने,

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) मा उल्लेख भएका कुराको अतिरिक्त घटनासँग सम्बन्धित अन्य आवश्यक र उपयुक्त देखिएका तथ्य, विवरण, सूचना वा जानकारीसमेत संकलन गर्नुपर्नेछ ।

(३) प्रचलित कानून बमोजिम हुनुपर्ने कुनै कार्य भई नरहेको वा अधिकारको दुरुपयोग वा हेलचक्रौंयाई वा लापरवाहीबाट कुनै दलित व्यक्ति वा समुदायको मानव अधिकार उल्लघंन भइरहेको वा हुनसक्ने आशंका विद्यमान रहेको लागेमा वा तथ्ययुक्त आधार भेटिएमा सम्बन्धित पक्षलाई कानून बमोजिम गर्न गराउन अनुगमन टोलीले आवश्यकता अनुसार परामर्श वा जानकारी दिन सक्नेछ ।

(४) अनुगमनमा जाने अनुगमनकर्ताले वा टोलीमा संलग्न व्यक्तिले यस निर्देशिका बमोजिमको आचारसहिंता तथा गोपनीयताको पालना गर्नुपर्नेछ ।

(५) अनुगमन टोलीका सदस्यहरुले टोली संयोजकको प्रत्यक्ष निर्देशनमा रही अनुगमन कार्य सम्पन्न गर्नुपर्ने छ ।

(६) स्थानीय तहका जोखिमयुक्त क्षेत्र वा अवस्थामा अनुगमनमा जानुभन्दा पहिले अनुगमनकर्ताहरुले स्थानीय तहका सम्बन्धित कार्यालयहरुबाट सुरक्षालगायत आवश्यक देखिएका अन्य विभिन्न विषयमा आवश्यक जानकारी लिनु पर्नेछ ।

(७) अनुगमन कार्यलाई प्रभावकारी बनाउन आयोगका अध्यक्ष, सदस्यहरु तथा सचिवले अनुगमन टोलीलाई लिखित वा मौखिक निर्देशन दिन र अनुगमन कार्यको आवश्यक निरीक्षण गर्न सक्नेछ ।

(८) अनुगमन टोली वा अनुगमन कार्यमा खटिएका व्यक्तिहरुले कुनै पनि धार्मिक, सामाजिक र साँस्कृतिक विद्वेष फैलाउने कार्य गर्न हुने छैन ।

(९) अनुगमनमा खटिएको टोली/कार्यदलले तोकिएको दिन भएमा सोही दिनभित्र र नतोकिएको भएमा अनुगमन समयावधि सकिएको १५ दिनभित्र अनुसूची २ बमोजिमको ढाँचामा अनुगमन प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(१०) टोली संयोजकको विशेष काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) अनुगमन गर्नुपर्ने विषयका सम्बन्धमा आयोगबाट जानकारी लिने,

शिवराम गेलाल
सचिव

राष्ट्रिय दलित आयोग
२०७५

(ख) अनुगमन कार्यको सम्वन्धमा आयोगले तोकेको पूर्व निर्धारित कार्यक्रम तालिकामा कुनै परिवर्तन गर्नुपर्ने भएमा तुरुन्त आयोगको सम्पर्क व्यक्तिलाई जानकारी दिने,

(ग) सम्बद्ध निकायसँग आवश्यकतानुसार समन्वय र सम्पर्क गर्ने,

(घ) अनुगमन टोलीभित्र कामको उचित बाँडफाँड गर्ने,

(ङ) आयोगको तर्फबाट जवाफ दिनुपर्ने वा स्पष्ट पार्नुपर्ने कतिपय विषयमा सम्बद्ध अधिकारी वा व्यक्तिलाई आवश्यकता अनुसार जानकारी गराउने,

(च) टोलीका सदस्यहरुबीचं समन्वय, मेलमिलाप र समझदारी कायम राख्ने साथै टोलीलाई अनुगमन कार्य प्रति अभिप्रेरित गर्ने,

(छ) अनुगमन टोलीका सदस्यहरुलाई परिस्थिति अनुसार उचित एवं सान्दर्भिक निर्देशन दिने,

(ज) टोलीका सदस्यहरुलाई कुनै समस्या परेको पाइएमा सोको निराकरणको लागि सक्दो सहयोग गर्ने,

(झ) अनुगमनको लागि आफूलाई खटाइएको क्षेत्रमा जाँदा अत्यावश्यक भएमा यातायातको साधन, सहजकर्ता, भरिया वा स्थानीय पथप्रदर्शक वा दोभाषेको व्यवस्था मिलाउने,

(ञ) टोलीका सदस्यहरुको दैनिक भत्ता तथा भ्रमण खर्च बाहेकको अन्य अनुगमनको लागि आवश्यक पर्ने रकम पेश्कीको रुपमा लिइ आफनो जिम्मा लिने तथा आर्थिक नियमानुसार समयमा पेश्की फछ्यौंट गर्ने/गराउने,

(ट) आयोगमा बुझाउनु पर्ने प्रतिवेदनलाई भरपर्दो बनाउनको लागि टोली संयोजकले प्रतिवेदनमा हुनुपर्ने आधारभूत पक्षलाई समेट्न विशेष ध्यान दिई यसका लागि टोलीका अन्य सदस्यहरुसंग समन्वय गर्ने,

(ठ) अनुगमन टोलीको काम कार्वाहीको सिलसिलामा आफ्नो र सदस्यहरुको सुरक्षालाई ध्यानमा राख्ने,

(ड) अनुगमन अवधिमा अनुगमनकर्तालाई तोकिएको क्षेत्रमा भएका कुनै घटनाका गम्भिरतालाई दृष्टिगत गरी उक्त घटनाको बारेमा अनुगमन गर्नुपर्ने वा नपर्ने भन्ने कुराको निर्णय गर्ने ।

## परिच्छेद ५
## विविध

८. **अनुगमन टोलीको सुविधा** : (१) आयोगले अनुगमनको क्रममा अनुगमन टोलीका सदस्यहरुलाई भ्रमण खर्च नियमावली, २०६४, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलिन कानून बमोजिम सेवा सुविधा उपलब्ध गराइने छ ।

९. **आचारसंहिता** : अनुगमन टोलीका सदस्यहरुले यस निर्देशिका बमोजिम आफ्नो कामको सिलसिलामा पालन गर्नुपर्ने आचरण देहाय बमोजिम हुनेछ :

राष्ट्रिय दलित आयोग

शिवराम गेलाल
सचिव

(१) पालना गर्नु पर्ने कुराहरु:

(क) नैतिकता र सदाचार सम्बन्धी आधारभूत नियमको पालना गर्ने,

(ख) मानव अधिकारको पालना र सम्मानप्रति सदासर्वदा निष्ठा राख्ने,

(ग) आफ्नो सम्पर्कमा आएका सबैसँग सम्मानपूर्ण व्यवहार गर्ने,

(घ) शिष्ट र शालीन भाषा प्रयोग गर्ने,

(ङ) सबैप्रति बिना पूर्वाग्रह र पक्षपातरहित व्यवहार गर्ने,

(च) पीडित व्यक्तिहरुसँग मानवीय व्यवहार गर्ने र आफ्नो व्यवहारबाट त्यस्ता व्यक्तिहरुको भावनामा आघात नपुगोस् भन्ने कुरामा सचेत रहने, कुराकानी वा सोधपुछ गर्दा उसको स्वास्थ्य र मनोसामाजिक अवस्थाप्रति सचेत रहनुपर्छ । उनीहरूको विषयलाई प्रस्तुत गर्दा उनीहरूलाई हुन सक्ने हानितर्फ सचेत रहने,

(छ) अनुगमनसँग सम्बन्धित कुनै विषयमा आफ्नो नाता, सम्बन्ध, स्वार्थ वा हित गाँसिएको अवस्थामा आफ्नो त्यस्तो सम्बन्ध बारे तत्काल टोली संयोजकलाई जानकारी दिई त्यस्तो विषयको अनुगमनमा संलग्न नहुने,

(ज) आफूले गरेको काम र कामको सिलसिलामा प्रत्यक्ष वा परोक्ष रुपमा प्राप्त सूचना तथा जानकारीको गोपनीयता कायम राख्ने,

(झ) आफुले गर्ने टिपोट र विश्लेषणलाई वस्तुगत रुपमा राख्ने,

(ञ) आयोगबाट प्रदान गरिएको परिचयपत्र, पोशाक, प्रतीक चिन्ह र अन्य सामाग्रीको उचित सम्भार, कदर र प्रयोग गर्ने,

(ट) आयोगले दिएको परिचयपत्र, पोशाक, प्रतिक चिन्ह लगायतको कुनै वस्तु हराए, चोरिए वा खोसिएको अवस्थामा त्यसको जानकारी आयोग वा सम्बन्धित सुरक्षा निकायमा दिने,

(ठ) आफ्नो परिचय, उद्देश्य र अनुगमनबाट हुने संभावित परिणामबारे सम्बन्धित पक्षलाई स्पष्ट रुपमा बताउने,

(ड) स्थानीय बासिन्दाको रहन सहन, संस्कृति र परम्पराको सम्मान गर्ने ।

(२) गर्न नहुने कुराहरु :

(क) कुनै पनि प्रकारको भेदभाव गर्न वा धार्मिक वा साँस्कृतिक वा वैचारिक आस्थाका आधारमा मानिसको मर्यादामा असर पर्ने कुराहरु,

(ख) अनावश्यक वा अप्रासङ्गिक गफगाफ वा कुराकानी,

(ग) अनुगमन कार्यमा खटिई गएको अवस्थामा मादक पदार्थ वा धुम्रपानको सेवन,

(घ) तास वा जुवा खेल्ने,

राष्ट्रिय दलित आयोग
२०७५

शिवराम गेलाल
सचिव

(ङ) अनावश्यक प्रलोभन देखाउने वा उक्साउने कार्य ,

(च) आफ्नो परिचय वा अन्य कुरा ढाँटेर वा छलेर सूचनाहरू सङ्कलन गर्ने,

(छ) कसैलाई होच्याउने वा झिंझ्याउने गरी सोधखोज गर्ने,

(ज) आयोगले खटाएको काममा आफ्नो छुट्टै व्यक्तिगत राय बनाइ सार्वजनिक गर्ने,

(झ) स्थानिय समुदायका व्यक्तिहरुको भावनामा आघात पुग्ने कुनै आचारण गर्ने,

(ञ) आयोगले प्रदान गरेको परिचयपत्र, लेटरप्याड लगायत आयोगसँग सम्बन्धित कुनै वस्तु, प्रतीक चिन्ह आदिको दुरुपयोग गर्ने,

(ट) अनुगमनको सिलसिलमा प्राप्त भएका तथ्यांक, सूचनाहरु, वा गोप्य कुरा, कर्तव्य पालन गर्दा जानकारीमा आएको वा आफूले लेखेको वा संकलन गरेको कुनै कागज पत्र आयोगको पूर्व स्वीकृति नलिई प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अन्य अनाधिकृत व्यक्ति वा सञ्चार संस्थालाई  दिने वा प्रकाशन वा प्रसारण गर्ने गराउने,

(ठ) आर्थिक अनियमितता गर्ने,

(ड) कसैमाथि कुनै पनि प्रकारको अनुचित व्यवहार गर्ने,

(ढ) आयोगप्रति अनास्था गर्ने, दुर्भावना फैल्याउने, आयोगको मर्यादा तथा विश्वसनीयतामा आँच आउने कुनै कार्य गर्ने ।

१०. **सहयोग तथा समन्वय** : १) यस निर्देशिका बमोजिम गरिने अनुगमनको क्रममा नेपाल सरकार अन्तर्गतका निकाय, नेपाल प्रहरी, प्रदेश सरकार वा स्थानीय तह वा आवश्यकता अनुसार दलित समुदाय लगायत जातीय भेदभाव वा छुवाछूतबाट पीडित व्यक्तिको हक अधिकार वा उत्थान सम्बन्धी कार्यमा संलग्न रहेका स्थानीय अगुवा, नागरिक समाज वा संघ संस्थाका प्रतिनिधिहरूको सहयोग लिन सक्नेछ । आयोगले मागेको सहयोग उपलब्ध गराउनु सम्बन्धित सरकारी, सार्वजनिक निकाय तथा व्यक्तिको जिम्मेवारी हुनेछ ।

(२)अनुगमन र जाँचबुझ तथा छानबीनको क्रममा आयोगले राष्ट्रिय मानव अधिकार आयोग सहितका अन्य संवैधानिक निकायहरु, नेपाल सरकार, आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान, स्थानीय तह, नेपाल प्रहरी, दलित गैरसरकारी संघसंस्थाहरु, मानव अधिकारको क्षेत्रमा कार्यरत संघसंस्था वा व्यक्तिहरुसँग समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

११. व्याख्या तथा खारेजी : (१) यो निर्देशिकाको अन्तिम व्याख्या राष्ट्रिय दलित आयोगले गर्नेछ ।

(२) यो निर्देशिकाको सम्बन्धमा कुनै बाधा अड्काउ परेको खण्डमा वा आयोगले आवश्यक ठानेमा जुनसुकै बखत आयोगले यो निर्देशिका परिमार्जन, संशोधन र खारेजी गर्न सक्नेछ ।

राष्ट्रिय दलित आयोग
२०७५

शिवराम भेलाल
सचिव

## अनुसूची १

## अनुगमनका सम्भावित विषयहरु (चेक लिष्ट)

आयोगबाट हुने अनुगमन सँग सम्बन्धित विषयहरु देहाय बमोजिम हुनेछन् । तर आयोगले आवश्यकता अनुसार आफ्नो क्षेत्राधिकारभित्रका अन्य विषयहरुमा समेत अनुगमन गर्न सक्नेछ ।

**अन्तर्राष्ट्रिय कानून, संवैधानिक कानून तथा नीतिगत व्यवस्थाहरु :**

- संविधान तथा अन्य प्रचलित कानूनले प्रदान गरेका दलित समुदायको अधिकारहरुको कार्यान्वयनको अवस्था सम्बन्धी विषय,
- सामाजमा रहेका छुवाछुत, बहिष्करण, अन्तर्जातीय वैवाहिक सम्बन्धमा अवरोध, मन्दिर तथा सार्वजनिक स्थल प्रवेशमा रोक, सार्वजनिक उपभोगका वस्तुहरुको प्रयोगमा रोक लगायतका प्रचलन एवं विभेदपूर्ण व्यवहारको अवस्था र घटनाहरुको अध्ययन सम्बन्धी विषय,
- परम्परागत रुपमा अभ्यासमा रहेका कुप्रथाहरु (हलिया, खलिया आदि) को अवस्था र त्यसमा सुधारको निम्ति नेपाल सरकार वा सम्बन्धित निकायले नीति, योजना तर्जुमा र कार्यान्वयन सम्बन्धी विषय,
- दलित समुदायका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु एवं ज्येष्ठ नागरिकहरुको मानव अधिकारको अवस्था सम्बन्धी विषय,
- दलित समुदायसँग सम्बन्धित व्यवस्थापिका तथा कार्यपालिकाका घोषणा एवं प्रतिबद्धताहरु, अदालतहरुका फैसलाहरु, राष्ट्रिय मानव अधिकार संस्थाहरुका सिफारिश तथा सुझावहरुको कार्यान्वयनको अवस्था सम्बन्धी विषय,

**नागरिक तथा राजनीतिक अधिकारसंग सम्बन्धित विषयहरु:**

- दलित समुदायको नागरीक तथा राजनीतिक अधिकारको अवस्था सम्बन्धी विषय,
- हत्या, यातना, अमानवीय एवं अपमानजनक व्यवहार, यौनजन्य हिंसा, कुटपीट, न्याय प्रशासन लगायतका घटना सम्बन्धी विषय,
- दलित समुदायको मानव मर्यादामा आँच आउने किसिमका जातीय विभेद तथा छुवाछूतसम्बन्धी व्यवहारको अवस्था र घटना सम्बन्धी विषय,
- जातीय विभेद तथा छुवाछूत सम्बन्धमा प्रहरीले उजूरी ग्रहण नगरेको वा गरेर पनि प्रभावकारी रुपमा कारवाही नगरेको विषय र घटनाहरु,
- दलित समुदायको राज्यका सबै क्षेत्रमा अर्थपूर्ण र समान सहभागिताको अवस्था सम्बन्धी विषय,

- दलित समुदायको हक अधिकार संरक्षण र सम्वर्द्धनमा सञ्चार माध्ययमा प्रकाशित एवं प्रशारित समाचारहरुको आधारमा कुनै स्थान, घटना तथा विषय,
- सूचनाको अधिकार तथा त्यसको कार्यान्वयन सम्बन्धी विषय,
- दलित समुदायसंग सम्बन्धित विभिन्न विषयमा विभिन्न कार्यालयमा दर्ता भएका उजूरीहरूको कार्यान्वयनको अवस्था सम्बन्धी विषय,
- दलित समुदायमाथि भए गरेका सबै प्रकारका विभेदको विषय ।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारका विषयहरु

- दलित समुदायको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार अवस्था सम्बन्धी विषयहरु,
- दलित समुदायको खाद्य अधिकार, स्वास्थ्यको अधिकार, आवासको अधिकार, रोजगारीको अधिकार, शिक्षाको अधिकार लगायतका आर्थिक, सामाजिक अधिकारहरुको प्रचलन/अवस्था सम्बन्धी विषय,
- दलित समुदायको सशक्तिकरणको निमित्त राज्यका निकायहरु तथा गैर सरकारी संस्थाहरुबाट सञ्चालित सीप विकास, छात्रवृत्ति एवं रोजगार प्रवर्द्धन एवं सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था र तिनीहरुको कार्यान्वयनको अवस्था सम्बन्धी विषय,
- दलित समुदायमा रहेको गरीबीको अवस्था विभिन्न कुप्रथाहरु र त्यसको निराकरणको निमित्त राज्यले गरेका पहलहरुको पर्याप्तता तथा उपलब्धताको अवस्था सम्बन्धी विषय,
- विविधता र क्षेत्रगत रुपमा दलित समुदायको मानव अधिकार उपभोगको अवस्था सम्बन्धी विषय,
- नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले विनियोजन गरेको जातीय भेदभाव उन्मूलन, सशक्तिकरण लगायतका दलित समुदायको हक अधिकारसँग सम्बन्धित बजेट विनियोजन र त्यसको कार्यान्वयन अवस्था सम्बन्धी विषय आदि ।

राष्ट्रिय दलित आयोग २०७५

शिवराम गेलाल
सचिव

## अनुसूची २

## प्रतिवेदनको ढाँचा

<u>प्रतिवेदनको नामः</u>

□ अनुगमन टोलीको नाम :

□ अनुगमन नं.: *रादआ/ ........./आ.व.*

□ अनुगमन अवधि :

□ प्रतिवेदन प्रस्तुत मिति :

<u>विषय सूची</u>


प्रतिवेदन साराँश (प्रतिवेदन दश पृष्ठ वा सो भन्दा बढीको भएमा मात्र)

१. पृष्ठभूमि

२. अनुगमनको उद्देश्य

३. अनुगमन विधि

४.अनुगमनबाट प्राप्त तथ्यहरू

५.तथ्य र कानूनको आधारमा घटना/विषयवस्तुको विश्लेषण

६. सुझाव तथा आयोगलाई सिफारिश

७. अनुगमन टोलीको निष्कर्ष

७. अनुगमन टोलीले भोगेका मुख्य चुनौतीहरु

८. अनुगमनबाट सिकिएका महत्वपुर्ण पाठहरु


अनुसूचीहरु

फोटो, दशी प्रमाणहरु, अन्तर्वाता आदिहरु, विभिन्न छलफल तथा अन्तर्क्रियामा सहभागीहरुको विवरण आदि ।

राष्ट्रिय दलित आयोग
२०७५

शिवराम गैलाल
सचिव